**२०७७ साल चैत्र १३ गते शुक्रवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** लुम्बिनी प्रदेशको राजधानीको रोक्का जग्गा फुकुवा गर्ने ।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** सुशासन प्रतिवेदन स्वीकृत गरि प्रदेश प्रमुख मार्फत प्रदेश सभा समक्ष पेश गर्ने ।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश प्रशिक्षण प्रतिष्ठानको प्रशिक्षण परिषद् मा विषय विज्ञको रुपमा श्री भुवनेश्वर लामिछाने (दाङ) र श्री श्याम कुमार आचार्य (दाङ) लाई नियुक्त गर्ने ।

४. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** वि.सं.२०७८ सालको लागि लुम्बिनी प्रदेशमा सार्वजनिक,पर्व एवम् सट्टा बिदा र कार्यालय समय स्वीकृत गर्ने ।

५. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** प्रदेश नं. ५ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ संशोधन र एकीकरण सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयकको मस्यौदा गर्न तयार गरिएको अवधारणापत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।